# शनिबार रिहा भए ३ बन्दी

■ एजेन्सी

जेरुसेलम । इजरायल र हमासबीच बन्दी आदान–प्रदान गर्ने कार्यक्रमअन्तर्गत शनिबार ३ जना बन्दी रिहा भएका छन् । शनिबार गरेको ३ जनामा इजरायली नागरिकहरू ३४ वर्षीय यार्डेन विवस र ५३ वर्षीय ओफर काल्डरन तथा ६५ वर्षीय इजरायली–अमेरिकी नागरिक केइथ साइगले हुन् । विवस गत वर्ष हमासको कब्जामा पर्ने मध्येका सबैभन्दा कान्छा केफिरको बाबु हुन् । त्यसबेला उनकी पत्नी सिरी र छोराहरू एहमास र केफिरसमेत हमासको कब्जामा परेका थिए ।

७ अक्टोबर २०२३ का दिन हमासले इजरायलमा आक्रमण गर्दै २५१ जनालाई कब्जा गरी बन्दी बनाएको थियो । सो आक्रमणमा परी १ हजार २०० जनाभन्दा बढीको ज्यान गएको थियो । यसको प्रत्याक्रमणमा इजरायलले गरेको हवाई आक्रमणमा ४७ हजारभन्दा बढी प्यालेस्टाइनीको ज्यान गइसकेको छ । शनिबार ३ जना छुटेपछि रिहा हुनेको संख्या कुल १८ पुगेको छ । यसको बदलामा इजरायलले आफ्नो जेलमा रहेका ६०० जनाभन्दा बढीलाई छाडिसकेको छ । हमासविरुद्ध इजरायलको १५ महिना लामो आक्रमणपछि अमेरिका, कतार र इजिप्टको मध्यस्थतामा युद्धविराम भएको हो ।

शनिबार नै इजरायली सरकारले जेलमा रहेका १८३ जनालाई रिहा गरेको छ । शनिबार बिहानै इजाक हरजोगले हमासले छाडेका ३ जनालाई स्वागत गरेका छन् । रिहा भएका केइथ सिगलकी श्रीमती आड्रियन सिइगेलले शनिबारको दिनमा यो संसारको सबैभन्दा खुसी आफू रहेको बताइन् ।

अबको साता युद्ध विरामको नयाँ खाका तय गर्न हमासका नेताहरू इजिप्ट पुग्ने जनाइएको छ । १९ जनवरीबाट सुरु भएको युद्ध विरामको क्रममा पहिलो चरणमा ३३ जना छाड्ने सहमति भएको थियो । अब थप २० जना छाडिने अनुमान गरिएको छ । पहिलो चरणमा ५ जना थाइ नागरिक रिहा भइसकेका छन् ।

## महाधिवेशन ३...

जसमध्ये महेन्द्र यादव केही महिनाअघि नै नेता बालकृष्ण खाँणका साथ कोइराला समूहमा सक्रिय भएका हुन् ।

मोहन बस्नेत, एनपी साउद, शंकर भण्डारी लगायतका नेताहरू यसअघि नै उनको सम्पर्कमा पुगिसकेका थिए । कोइरालाको सम्पर्कमा पुगेका नेता बस्नेतको भनाइ छ, 'फेरि शेरबहादुर देउवा नै सभापतिमा लड्ने भए उहाँकै पक्षमा उभिने थिएँ । तर, कांग्रेसको विधानअनुसार फेरि सभापति नलड्ने भएपछि नेता छान्नुपर्ने हुन्छ, त्यो मैले पनि गर्छु ।'

यसैगरी महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माबीच पछिल्लो समयमा दुरी बढेको छ । पार्टीभित्रको मर्यादाक्रमको कारण देखाउँदै महामन्त्री थापा डा.कोइराला प्रमुखअतिथि रहेको सार्वजनिक कार्यक्रममा जाने गरेका छैनन् । तर, अर्का महामन्त्री शर्मा भने पछिल्ला दिनमा डा.कोइराला प्रमुखअतिथि रहेको कार्यक्रममा पनि जान थालेका छन् । उनको भनाइ छ, 'को कुन पदमा छ भन्ने कुरा गौण हो । पद भन्ने कुरा तत्कालीन हो, राजनीतिमा निरन्तरता र सिनियारिटी भन्ने कुरा अलग्गै हुन्छ । पार्टीमा डा.शेखर कोइराला, प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौलालाई म सम्मान गर्छु ।'

## नागरिक उड्डयन...

नेपाल नागरिक उड्डयन प्राधिकरणले अहिलेसम्म सेवा प्रदायक र नियामक निकायको रुपमा दोहोरो भूमिकामा वायु सेवासम्बन्धी सबै काम गर्दै आएको छ । तर, एउटै निकाय सेवा प्रदायक बन्ने र नियामक निकायमा पनि रहने गर्दा त्यसमा स्वार्थ देखिएको भन्ने रिपोर्ट विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययनहरुले देखाएका छन् ।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ)ले २०७९ भदौको अन्तमा नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सेफ्टीसम्बन्धी अडिट प्रतिवेदन बुझाउँदै नेपालको उड्डयन क्षेत्रमा सेवा प्रदायक र नियामकको काम छट्टा छुट्टै निकायबाट हुनु पर्ने सुझाव दिएको थियो । आईकाओले सन् २००९ देखि यो विषय उठाइरहेको छ ।

त्यसैगरी एसीयाली विकास बैंक (एडीबी)को एक अध्ययन प्रतिवेदनमा नियामक निकायले सेवाप्रदायकलाई प्रयाप्त नियमन नगर्दा उड्डयन क्षेत्रको सेवा प्रवाहको गुणस्तरमा प्रभाव पारेको भन्ने निष्कर्ष निकालिएको थियो । एडीबी मात्रै होइन, युरोपियन कमिसनले पनि सेवाप्रदायक र नियाकम निकाय फरक–फरक हुनुपर्ने बताउँदै आएको छ ।

त्यतिमात्र होइन, महालेखा परीक्षकको कार्यालयको ५९औँ प्रतिवेदनमा पनि प्राधिकरणले सेवाप्रदायक र नियामकसम्बन्धी दुबै काम गरिरहेको र संस्थाको प्रमुखको हैसियतले गर्ने दुवै इकाइको निर्णायक महानिर्देशक हुने भएकाले आफैँले सेवाप्रदायकको रुपमा गरेको निर्णयलाई आफैँले नियमन गर्ने कार्य प्रभावकारी नहुने उल्लेख गरिएको थियो ।

### ५ वर्षअघि पनि भएको थियो प्रयास

उड्डयन क्षेत्रमा नियामक र सेवाप्रदायक निकाय एउटै हुँदा स्वार्थ बाझिने भन्दै नेपालको सन्दर्भमा हवाई क्षेत्रको नियामक र सेवाप्रदायक अलग–अलग निकाय बनाउनुपर्ने भन्दै लामो समयदेखि बहस चल्दै आइरहेको छ । युरोपियन युनियन (इयू)ले नियामक र सेवाप्रदायक एउटै निकाय रहँदासम्म हवाई दुर्घटना कम नहुने भन्दै सन् २०१३ देखि नेपाली वायुसेवालाई युरोपेली आकाशमा प्रवेश निषेध गर्दै कालोसूचीमा राख्दै आएको छ ।

अन्तर्राष्ट्रिय निकायका साथै तत्कालिन संसदीय समितिले पनि प्राधिकरणलाई छुट्याएर सेवामूलक संस्था फरक बनाउने प्रक्रिया सुरु गर्न निर्देशन दिएपछि क्यानलाई हवाई सेवाको नियमन र विमानस्थल सेवा सञ्चालन बेग्लाबेग्लै संरचनाबाट गर्न 'नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६' र 'नेपाल हवाई सेवा प्राधिकरण विधेयक २०७६' तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईले ११ फागुन, २०७६ मा राष्ट्रियसभामा दर्ता गराएका थिए ।

११ फागुन, २०७६ मा सरकारले दर्ता गरेको क्यान विभाजनसम्बन्धी विधेयक १८ साउन, २०७८ मा राष्ट्रियसभाबाट पारित भए पनि उक्त विधेयक प्रतिनिधिसभाको कार्यकाल समाप्त भएसँगै निष्क्रिय भएको थियो । जसले गर्दा प्रधिकरणलाई छुट्याएर नेपाल हवाई सेवा प्राधिकरण स्थापना गर्ने प्रयास सफल हुन सकेन ।

## विश्व संगीतको ...

सन् २०२४ मा उनी पाँचौँपटक उपविजेता भएकी थिइन् । गत वर्ष बियोन्सका ७ वटा गीतले सनसनी नै मच्चाएका थिए । उनको गीत अमेरिका मात्र होइन पाश्चात्य संगीतमा समेत लोकप्रिय थियो । यस वर्ष बियोन्सका गीत ११ विधामा मनोनयनमा परेका छन् ।

विश्व संगीतिक क्षेत्रकी स्थापित सुपरस्टार बियोन्सले सम्भवतः आइतबारको साँझ लस एन्जलसको क्रिप्टो एरेनामा हुने ८ घन्टा लामो कार्यक्रममार्फत् नयाँ उचाइ छुने अपेक्षा गरिएको छ ।

## माघ १९ ...

कार्यालयमा सेना परिचालन गरिए । पत्रिका प्रधानसम्पादक होइन 'मेजर सम्पादक'को नेतृत्वमा प्रकाशित हुन थाले । तर तत्कालीन राजा ज्ञानेन्द्रको शक्ति उन्मादको यो चरम रूप धेरै दिन टिकेन । तर २०६२–०६३ सालको जनआन्दोलनपछि राजतन्त्र नै ढल्न पुगेको थियो । २०४ वर्षको राजतन्त्रको इतिहासमा पूर्णविराम लाग्यो ।

पात्र फेरिएका होलान् तर कुनै न कुनै रूपमा १९ माघका आकाँक्षी आज पनि छन् । जति बेला जे छ जनतालाई त्यसैबाट वञ्चित गर्ने त हो । हिजो जनताको सार्वजनिक अभिव्यक्तिको माध्यम टेलिफोन थिए फोन काटे, सञ्चार माध्यमका कार्यालयमा सेनाको बुट बजारिए, 'मेजर सम्पादक' पठाइए । उहिले आदेशबाट शासन चलाउने दम्भ र झोक थियो आज छँदाखाँदाको संसद् छलेर अध्यादेशबाट शासन चलाउने लालसा र भोक छ । टेलिफोन त के चुँडाल्लान्, सामाजिक सञ्जाल भने सत्ताका लागि काउछो भएको छ । त्यता कर्केनजर भने कायमै छ । जबसम्म शासकहरूमा शक्तिको दुरुपयोग गर्ने लालसा र भोक रहिरहन्छ तबसम्म १९ माघको सन्त्रास रहिरहन्छ । समग्रमा १९ माघ एक प्रवृत्ति हो । कालन्तरमा आफ्ना लागि अभिशाप बनेको त्यो दिन पूर्वराजा ज्ञानेन्द्र शाहले सम्झने कुरै भएन । शक्तिका नयाँ खेलाडीले पनि यसबाट शिक्षा लिनभन्दा शक्तिको चरम दुरुपयोग गर्न उद्यत छन् । कमी कमजोरी अहिले पनि छन् तर प्रणाली जोगिए सुधार त्यसैबाट सम्भव छ । निष्ठुरीलाई लागेजस्तै आवधिक निर्वाचन र जनताको निर्णय गर्ने अधिकार जोगाइराख्नसके अहिले देखिएका कमजोरी सुधार हुँदै जानेछन् । १९ माघ अनुशरण गर्ने दिन होइन तर शिक्षा लिने दिन भने पक्कै हो ।


Province Government
Ministry of Water Supply, Irrigation and Energy
**Water Resources & Irrigation Development Division, Panchthar**
Koshi Province, Biratnagar, Nepal

**Amendment of Financial Bid Opening date**

**Date of Publication: 2081/10/20 (2 Feb, 2025)**

With reference to the notice published on 2081/10/12 (25-Jan, 2025) "Rajdhani" National daily Newspaper, the financial Bid opening date of the contract No. IMEP/Panchthar/B-1a/CW-12 and contract No IMEP/Panchthar/B-1a/CW-13 was on 2081/10/20 (2-Feb 2025). It is notify to all the concerned bidders that the financial bid opening date is amended on 2081/10/27 (9 Feb, 2025 at 13.00 hours due to technical reason.



Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
**Department of Water Resources and Irrigation**
**Sikta Irrigation Project**
Nepalgunj, Banke

**Invitation for Online Bids**

**Date of publication: 2025-02-02 A.D (2081-10-20 B.S)**

Department of Water Resources and Irrigation, Sikta Irrigation Project invites the online bids only under e-procurement system for the construction of project mentioned below under National Competitive bidding. For further Details, Bidders are requested to visit the Sikta Irrigation Project, Nepalgunj, Banke, or PPMO's website https://bolpatra.gov.np/egp.

| S.N. | Contract I. D | Description of the work | Fee for bid document (NRs) | Key Qualification Requirements | Bid Security amount in (NRs) |
|---|---|---|---|---|---|
| 1. | SIP/CAD/EMC-S1/ NCB-07/081-82 | Construction of S1 Branch Canal of EMC Ch. 0+350 to Ch. 4+000. | 5,000.00 | • Avg. Annual Turnover: 71.95 Million • Similar nature contract: 43.17 Million ( at least one) | 25,00,000.00 |
| 2. | SIP/CAD/EMC-S2/ NCB-08/081-82 | Construction of S2 Branch Canal of EMC Ch. 0+170 to Ch. 2+100 & Sub-Branch Canal Ch. 0+000 to Ch. 0+450. | 5,000.00 | • Avg. Annual Turnover: 50.53 Million • Similar nature contract: 25.27 Million ( at least one) | 15,00,000.00 |
| 3. | SIP/M-EMC/NCB-09/081-82 | Maintenance Works of Eastern Main canal along with Construction of VRB, Causeway & S5 Outlet. | 5,000.00 | • Avg. Annual Turnover: 35.46 Million • Similar nature contract: 17.73 Million ( at least one) | 10,00,000.00 |
| 4. | SIP/CAP/NCB-10/081-82 | Command Area Protection Work at Jharana Khola, Banke | 5,000.00 | • Avg. Annual Turnover: 43.11 Million • Similar nature contract: 11.50 Million ( at least one) | 8,00,000.00 |
| 5. | SIP/CAP/NCB-11/081-82 | Command Area Protection Work at (D/S of Hulaki) Dunduwa Khola | 5,000.00 | • Avg. Annual Turnover: 78.64 Million • Similar nature contract: 47.19 Million ( at least one) | 19,66,000 |
| 6. | SIP/CAD/PSBC2/ NCB-12/081-82 | Construction of Persenipur Sub-Secondary Canal (S4/SS2T1) | 5,000.00 | • Avg. Annual Turnover: 45.79 Million • Similar nature contract: 27.48 Million ( at least one) | 11,45,000 |

**Last Date & Time of Bid Submission: 2081/11/20 (4th March, 2025), 12:00 Hrs**
**Bid Opening Date & Time: 2081/11/20 (4th March, 2025) 14:00 Hrs**
**Note: Bidders are requested to visit the site before bidding.**

**PROJECT DIRECTOR**



**RAMDHUNI MUNICIPALITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**JHUMKA, SUNSARI,**
**KOSHI PROVINCE , NEPAL**

**INVITATION FOR BIDS**

**Date of publication: 2081/10/20**

1. Ramdhuni Municipality, Office of the Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the construction of works as specified below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Ramdhuni Municipality,office of the Municipal Executive or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S.N | Contract No. | Description of Work | Estimated Amount (With VAT & PS) NRs | Bid Security Amount NRs | Price of Bid Document NRs |
|---|---|---|---|---|---|
| 1. | RMY/ NCB/22/081/082 | Piprah dekhi pani tanki jane bato kalopatre kramagat, Ramdhuni-3 | 19,56,558.50 | 50,000/- | 3000/- |
| 2. | RMY/ NCB/23/081/082 | Ramdhuni mandir paryatakiya kshetra nirman (Construction of 108 dhara, mandap & pond beautification) | 1,95,65,756.33 | 5,00,000/- | |

3. Information to deposit the cost of Bidding Document in Bank
   **Name of the Bank: NIC Asia Bank, Jhumka** **Name of Office: Ramdhuni Municipality**
   **Office Code no. : 801011406** **Office Account no.: 0892050027908002**
   **Rajaswa (revenue) Shirshak no. : GA-1.1 AANTARIK RAJASWA KHATA-RAMDHUNI NAGARPALIKA**
4. Pre-bid meeting shall be held at Ramdhuni Municipality, Office of the Municipal Executive at 11:00 AM, on 2081/11/09
5. Only Electronic bids should be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2081/11/20 . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 2081/11/20, 1:00 noon at the office of Ramdhuni Municipality, Office of the Municipal Executive. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting as specified above which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Ramdhuni Municipality

**CHIEF ADMINISTRATIVE OFFICER**